
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ३० गते शनिबार ❑ 15 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## भानुभक्त जन्मस्थलको विकासमा गम्भीर छौँ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आदिकवि भानुभक्त आचार्यको जन्मस्थल भानु नगरपालिका-४ चुँदीरम्घाको विकासमा प्रदेश सरकार गम्भीर रहेको बताउनुभएको छ।



भानु जन्मस्थल विकास समितिको आयोजनामा भानु नगरपालिका-४ चुँदीरम्घामा शुक्रबार आयोजित दुई सय १० औँ भानु जयन्तीका अवसरमा उहाँले भानु जन्मस्थलको विकास गरी चुँदीरम्घालाई साहित्यिक गन्तव्यका रूपमा विकास गर्ने गरी प्रदेश सरकार अग्रसर रहने बताउनुभयो । आफूले भानु जन्मस्थलको पहिलो पटक अवलोकन गरेको र पर्याप्त विकास हुन नसकेकोमा दुःख लागेको मन्त्री पाण्डेको भनाइ छ। "मैले पनि पहिलो पटक भानुभक्त जन्मिएको घरलगायत संरचनाको अवलोकन गर्ने अवसर पाएँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "तर भानु जन्मस्थलको जति विकास हुनुपर्ने हो, त्यति हुन सकेको जस्तो लागेन । यस क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने गरी अघि बढ्ने छौँ ।" आदिकवि भानुभक्त आचार्यले साहित्यको माध्यमबाट नेपाली भाषा र साहित्यलाई विदेशसमेतमा चिनाउन सफल हुनुभएकाले योगदानको सबैले कदर गर्नुपर्नेमा मुख्यमन्त्री पाण्डेले जोड दिनुभयो । उहाँले भानु जन्मस्थल विकास समितिद्वारा प्रकाशित पुस्तक भानुभक्तको रामायणसमेतको विमोचन गर्नुभएको थियो । कार्यक्रममा साहित्यको क्षेत्रबाट योगदान पुर्‍याउने साहित्यकार काशीनाथ न्यौपाने, मेदिनी शर्मा र साम्पा उपाध्यायलाई नगद पुरस्कारसहित र दोसल्लाले सम्मान गरिएको थियो।

रामायण वाचन प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने क्रमशः आराध्या ढकाल, स्वाधीनता पौडेल र प्रस्तुती आचार्यलाई नगदसहित पुरस्कृत गरिएको थियो। त्यसैगरी कविता प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुने क्रमशः नवलपुरका दयाराम पौडेल, तनहुँका विवेक पराजुली र विनायक नेपालीले नगदसहित पुरस्कार प्राप्त गर्नुभएको थियो।

भानु जयन्तीको अवसरमा स्थानीयवासीले विभिन्न जातीय झाँकी प्रदर्शन गरेका थिए। नेपाली कांग्रेसका नेता गोविन्द भट्टराई, जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठ, भानु जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्कर रानाभाट, साहित्यकार तथा आदिकवि आचार्यका खनातीहरू काशिराज आचार्य र विधान आचार्यलगायतले भानुभक्तको योगदानको चर्चा गर्दै संरक्षणमा सबै पक्षबाट पहल हुनुपर्नेमा जोड दिनुभएको थियो।

विभिन्न सङ्घ संस्थासहित प्रदेश र सङ्घीय सरकारको सहयोगमा भानु जन्मस्थलको विकासका लागि देखिने गरी काम अघि बढाउन आफूहरू सकारात्मक रहेको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो। "यो वर्ष भानु जन्मस्थलको विकासमा हामी तीव्ररूपमा लाग्ने छौँ", नगरप्रमुख त्रिपाठीले भन्नुभयो, "त्यसका लागि सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरेका छौँ।"

## 'कर्म-कर्ण आदिवासी जनजाती पत्रकारिता पुरस्कार' बाट श्रेष्ठ सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

नेपाल पत्रकार महासंघ कास्कीका निवर्तमान अध्यक्ष दीपेन्द्र श्रेष्ठलाई यस वर्षको ' कर्म-कर्ण आदिवासी जनजाती पत्रकारिता पुरस्कार-२०८०' अर्पण गरिएको छ।



तमु धिं नेपालकी संस्थापक अध्यक्ष कर्म गुरुङको बैवाहिक वर्ष गाँठको अवसरमा प्रदान गरिँदै आएको सो पुरस्कार एभरेस्ट एफएम / एभरेस्ट आवाजलाई डटकमका सम्पादक रहेका श्रेष्ठलाई प्रदान गरिएको हो । प्रतिनिधि सभा सदस्य मनबहादुर गुरुङ. र पुरस्कार दाता कर्मकुमारी गुरुङले नगद राशी रु १० हजार, फेटा, भाङ्ग्रा, सम्मानपत्रले सम्मान गरेका थिए।

पत्रकार हुमबहादुर गुरुङको संयोजकत्वमा एम.बि आस्था मगर, शान्ति गुरूङ, उदय अमात्य र दिल प्रसाद गुरुङको छनौट समितिले एभरेस्ट आवाज डटकमका सम्पादक एवं एभरेस्ट एमएमका बरिष्ठ प्रस्तोता श्रेष्ठलाई सिफारिस गरेको थियो।

तमु धिं नेपालकी संस्थापक अध्यक्ष कर्म तमुले स्थापना गरेको सो पुरस्कार आदिवासी जनजाती पत्रकार संघ (फोनिज) कास्कीले सञ्चालन गर्दै आइरहेको छ । यसअघि, सो पुरस्कारबाट रीता गुरुङ, हर्क आले, शान्ति गुरुङ, तिलक पुन, राजबहादुर गुरुङ, मानबहादुर घर्तिमगर (एमबी आस्था), हुमबहादुर गुरुङ, उदयबहादुर अमात्य र रुद्रबहादुर श्रीस पुरस्कृत भइसकेका छन्।

फोनिज कास्कीका अध्यक्ष दिलप्रसाद तमुको अध्यक्षतामा भएको सोही कार्यक्रममा नेवाः खलः कास्कीका अध्यक्ष अशोक पालिखे, तमु घिं नेपाल का अध्यक्ष हुम बहादुर गुरुङ , सम्मानित पत्रकार दीपेन्द्र श्रेष्ठ ,पत्रकार शान्ति गुरुङ , विनु थापा, सुशील श्रेष्ठले आदिवासीजनजातिको अधिकार र संचारकर्मीको भूमिकाबारे चर्चा गरेका थिए । सोही अवसरमा नवगठित तमु संचारकर्मी संघ कास्की र तामाङ पत्रकार संघ कास्कीका कार्यसमिति सदस्यहरूलाई सांसद मन बहादुर गुरुङ र तमु घिं नेपाल का संस्थापक अध्यक्ष कर्म कुमारी गुरुङले सम्मान सहित बधाई ज्ञापन गरिएको थियो।

## भाषिक एकतामा भानुभक्तको योगदान महत्वपूर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ असार

भानु वाङ्मय प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा शुक्रबार पोखरामा आयोजित २१०औँ भानु जयन्तीमा भाषिक एकतामा भानुभक्तले पुर्‍याउनुभएको योगदानको चर्चा गरिएको छ।



नेपाली भाषामार्फत राष्ट्रिय एकता कायम गर्न भानुभक्तले गर्नुभएको योगदान अविष्मरणीय भएको बताउँदै वक्ताहरूले सभ्य समाज निर्माणका लागि उहाँले दिनुभएको सन्देश पनि उत्तिकै महत्वपूर्ण रहेको बताउनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले भाषिक एकतामार्फत भानुभक्तले गर्नुभएको योगदान अविष्मरणीय भएको उल्लेख गर्दै उहाँको योगदानलाई जीवन्त राख्नुपर्ने बताउनुभयो । पोखरामा भानुभक्तको योगदानलाई चिरस्थायी बनाउँदै साहित्यिक पर्यटकीय स्थलका रूपमा विकास गर्न विशाल भानुभक्तको शालिक राख्ने सोच अघि बढाइएको उहाँले बताउनुभयो । भानु वाङ्मय प्रतिष्ठानका अध्यक्ष सरुभक्तले भानुभक्तका अमर काव्य अहिले पनि उत्तिकै महत्वपूर्ण भएको बताउनुभयो । भानुभक्तको स्मारक तयार गर्दै स्वदेशी एवम् विदेशी साहित्यकारलाई अध्ययन अनुसन्धानका लागि पोखरालाई गन्तव्यस्थलकारूपमाविकासगर्नुपर्ने उहाँले बताउनुभयो। पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुख प्राडा कुसुमाकर न्यौपानेले भाषा बिग्रेमा त्यसको असर हाम्रो समाज र सन्ततिलाई पर्ने जनाउँदै त्यसतर्फ सबै सजक बन्नुपर्नेमा जोड दिनुभयो।

पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले भानु जयन्तीका अवसरमा गण्डकी प्रदेश सरकारले सार्वजनिक बिदा दिएको जनाउँदै उहाँको योगदानलाई चिरस्थायी बनाउनुपर्ने बताउनुभयो। भानु वाङ्मय प्रतिष्ठानका उपाध्यक्ष हनिफ मिया, सचिव अम्बिकाप्रसाद भट्टराई, प्राज्ञ हरिदेवी कोइराला, पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, पोखरा-११ का वडाध्यक्ष प्रेम कर्माचार्य, भानुमार्ग आमा समूहका अध्यक्ष मिठु गुरुङ लगायतले नेपाली भाषाको विकासमा भानुभक्तले गर्नुभएको योगदान अतुलनीय भएको बताउनुभयो। उक्त अवसरमा पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईद्वारा स्थापित एवम् भानु वाङ्मय प्रतिष्ठानद्वारा सञ्चालित भानु वाङ्मय पुरस्कारबाट पृथ्वीनारायण क्याम्पसमा स्नाकोत्तर तहमा नेपाली विषयमा सर्वोत्कृष्ट अङ्क ल्याउने मिलनकुमारी नेपालीलाई रु १० हजार नगद तथा सम्मानपत्रसहित पुरस्कृत गरिएको थियो।

यसअघि पोखराको चिप्लेढुङ्गाबाट भानु प्रतिमास्थल पोखरा-११ फूलबारी भानु चोकसम्म नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीको टोलीसहित प्रतिष्ठानका पदाधिकारी एवम् सदस्य, विभिन्न विद्यालयका विद्यार्थी प्रभातफेरीमा सहभागी भएका थिए। सहभागीले फूलबारी भानुचोकस्थित भानुभक्तको पूर्ण कदको सालिकमा माल्यार्पण गरेका थिए।

## समयमा नै एमसीसी परियोजना सम्पन्न गर्नुपर्नेमा जोड

**रासस**
काठमाडौं, २९ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग संयुक्त राज्य अमेरिकाका दक्षिण तथा मध्यएसिया हेर्ने सहायक विदेशमन्त्री डोनाल्ड लुले शिष्टाचार भेट गर्नुभएको छ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा उहाँहरूबीच भएको भेटमा मिलेनियम च्यालेन्स कर्पोरेशन (एमसीसी) परियोजनाका बारेमा छलफल भएको एमाले विदेश विभाग प्रमुख डा राजन भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार भेटमा पार्टी अध्यक्ष ओलीले एमसीसी परियोजना समयमा नै सक्नुपर्नेमा जोड दिनुभयो । उहाँले विगतमा एमसीसीका बारेमा धेरै नै उतारचढाव भए पनि अहिले परियोजना कार्यान्वयनको चरण आएको बताउनुभएको नेता भट्टराईले जानकारी दिनुभयो। भेटमा सहायक विदेशमन्त्री लुले एमसीसी परियोजना पूर्णरूपमा सुरु गर्ने र वरिष्ठ अधिकारी आएर परियोजना पूर्णरूपमा आरम्भ गर्ने बताउनुभयो। उहाँले एमसीसी परियोजना अगाडि बढाएकोमा धन्यवाद व्यक्त गर्नुभयो । सहायक विदेशमन्त्री लु एक दिने नेपाल भ्रमणका लागि बिहीबार यहाँ आइपुग्नुभएका हो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## विभिन्न स्रष्टालाई राष्ट्रिय पुरस्कार

**रासस**
काठमाडौं, २९ असार

भाषा तथा साहित्यको राष्ट्रिय विधातर्फको राष्ट्रिय पुरस्कार साहित्यकार नरेन्द्रराज पौडेललाई प्रदान गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आज यहाँ आयोजना गरेको कार्यक्रममा संस्कृति विधातर्फको राष्ट्रिय पुरस्कार डिल्लीप्रसाद पोखरेललाई प्रदान गरियो । यसैगरीललितकलातर्फकोराष्ट्रिय पुरस्कार कालाकार रागिनी उपाध्याय र सङ्गीत तथा नाट्य विधातर्फको राष्ट्रिय पुरस्कार शान्तिराम राईलाई प्रदान गरिएको छ। कार्यक्रममा महाकवि देवकोटा पुरस्कार पाँच जना र भगतसर्वजित मानवमर्यादा राष्ट्रिय पुरस्कार तीन जनालाई प्रदान गरियो। यसैगरी गोपालप्रसान रिमाल राष्ट्रिय पुरस्कार दुई जनालाई प्रदान गरिएको छ। इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कार एक जनालाई प्रदान गरिएको छ।

यसै वर्षदेखि सुरु भएको आदिकवि भानुभक्त राष्ट्रिय पुरस्कार कोषराज पौडेल, योगमाया राष्ट्रिय पुरस्कार पवन आलोक कँडेल, युगकवि सिद्धिचरण श्रेष्ठ राष्ट्रिय पुरस्कार मोहन सिटौला र शताब्दी पुरुष सत्यमोहन जोशी राष्ट्रिय पुरस्कार गोविन्द आचार्यलाई प्रदान गरिएको छ । पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले यस्ता पुरस्कारले स्रष्टालाई सिर्जनामा प्रोत्साहन मिल्ने बताउनुभयो।

राज्यमन्त्री सुशीला श्रीपाली ठकुरी, नेपाल प्रज्ञा प्रतिष्ठनका कुलपति भुपाल राई र मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेलगायतले स्रष्टा सम्मानलाई मन्त्रालयले प्रथमिकतामा राखेको बताउनुभएकोथियो।सोअवसरमा भाषा तथा सहित्य, संस्कृति, लतिलकला र सङ्गीत तथा नाट्य गरी चार विधामा सातै प्रदेशका २८ जना स्रष्टासमेतलाई सम्मान गरिएको थियो।

# वालिङबाट शुरु भयो 'इएफटी' मार्फत भत्ता वितरण

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २९ असार

पहिलो पटक विद्युतीय भुक्तानी प्रणाली 'इएफटी' मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालिएको छ । स्याङ्जाको वालिङ नगरपालिकाले आर्थिक बर्ष २०७९/८० को अन्तिम त्रैमासिक सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा 'इएफटी' मार्फत सिधै खातामा पठाउने व्यवस्था मिलाएको हो । यसअघि चालु आर्थिक वर्षको पहिलो, दोस्रो, तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता चेक मार्फत वितरण गरिदै आएको थियो ।

वालिङ नगरपालिकाका सुचना अधिकारी ज्ञानप्रसाद अर्यालका अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको खातामा सिधै रकम पठाउने प्रक्रिया यो पहिलो पटक भएको बताए । विगतमा बैंकको नाममा चेक पठाउने र बैंकले लाभग्राहीको खातामा रकम जम्मा गर्ने काम हुनेगर्थ्यो सुचना अधिकारी अर्यालले भने,' अहिले लाभग्राहीको खातामा कोलेनिकाले सिधै रकम पठाउने व्यवस्था मिलाएको छ ।' नगरपालिकाले अब लाभग्राहीको सुची अद्यावधिक मात्रै राख्ने काम हुनेछ उनले भने । जिल्लाका ११ पालिका मध्ये वालिङले पहिलो पटक 'इएफटी' मार्फत सामाजिक सुरक्षा पठाउने पालिका बनेको अर्यालले बताए ।

वालिङ नगरपालिकाले यो आर्थिक बर्षमा ७ हजार २८ जना लाभाग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ । जसमा अन्य जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने ४ हजार १ सय ७८ जना, दलित जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने ३ सय ४६ जना, जेष्ठ नागरिक एकल महिला ६ सय २, विधवा ८ सय १७, पुर्ण अपांगता १ सय ३१, अति अशक्त अपांगता २ सय ९५ र दलित बालबालिका ६ सय ५९ जना बालबालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका छन् । यसरी चालु आर्थिक वर्षको चौँथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता लाभग्राही ७ हजार २८ जनाले 'इएफटी' प्रणाली इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणालीबाट प्राप्त गरेका छन् । वालिङ नगरपालिकाबाट आर्थिक बर्ष २०७९/०८० मा २७ करोड १९ हजार ७७ रुपैँया सामाजिक सुरक्षा भत्ता लाभग्राहीले बुझेका छन् । अन्य जेष्ठ नागरिक भत्ता ४ करोड ९९ लाख २५ हजार ३७, दलित जेष्ठ नागरिकका लागी २७ लाख ४६ हजार ३ सय २२, जेष्ठ एकल महिला ४७ लाख ९८ हजार २ सय ९७, विधवा ६५ लाख १९ हजार ६ सय ६०, पुर्ण अपांगता भत्ता १५ लाख ६८ हजार ७०, अति असक्त अपांगता भत्ता १८ लाख ८३ हजार २ सय ८० र दलित बालबालिका १० लाख २६ हजार ९ रुपैँया चालु आर्थिक वर्षमा लाभग्राहीले प्राप्त गरेको वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तेजराज शर्माले बताए ।

'इएफटी' प्रणाली देशका ७५३ स्थानीय तहमध्ये वालिङ सहित ५० पालिकामा लागू भएको बताएको छ । गण्डकी प्रदेशका पालिका मध्ये वालिङ सहित कास्कीको पोखरा महानगरपालिका, नवलपरासीको गैडाकोट नगरपालिका र तनहुँको व्यास नगरपालिकामा 'इएफटी' प्रणाली लागू भएका छन् । राष्ट्रिय परिचय पत्र पञ्जिकरण विभाग र वालिङ नगरपालिकाको व्यवस्थापनमा यो प्रणाली चालु आर्थिक बर्षको अन्त्यतिर लागू गर्न सफल भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए ।

नगरपालिकाले सूची अद्यावधिक गरेर भुक्तानी आदेश दिएपछि कोष तथा लेखा नियन्त्रकको कार्यालयले नै खातामा पैसा पठाइदिने छ । जसले गर्दा सामाजिक सुरक्षा भत्ता चुहावट हुनबाट बच्ने र पार्दशिता हुने विश्वास गरिएको छ ।

# पोखरा विश्वविद्यालयका विद्यार्थीहरुको स्वास्थ्य निरुपण सम्बन्धी कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २९ असार



पोखरा विश्वविद्यालय स्कुल अफ हेल्थ एण्ड एलाईड साईन्सेज अन्तर्गत जनस्वास्थ्य संकाय तेस्रो वर्ष छैटौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुले गोरखाको पालुङटार गाउँपालिका, वडा नं चार स्थित बाह्रपिर्के, कुमालगाउँ तथा देवकोटा भन्ने स्थानमा एक महिने स्वास्थ्य निरुपण शीर्षकमा समुदाय स्तरमा स्वास्थ्य सम्बन्धी बिभिन्न जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरेका छन् । सुष्म स्वास्थ्य परियोजना अन्तर्गत सञ्चालित कार्यक्रममा लिडिन लाईट युवा क्लबको संयोजन रहेको थियो ।

पालुङटार, चार स्थित, बाह्रपिर्केदेखि कुमालगाउँ सम्म स्वास्थ्य सरसफाई अभियान अन्तर्गत, स्वास्थ्यसंग सम्बन्धित जनचेतनामुलक र्याली लगायतका बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ कार्यक्रममा पालुङटार गाउँ पालिका वडानं चारका वडा अध्यक्ष मानबहादुर पौडेल, टोल बिकाश संस्थाका अध्यक्ष जोनी सुनार, आमा समुह की अध्यक्ष गोमा रानाभाट लगायतले बिध्यार्थीहरु द्वारा गरिएको कार्यक्रमको सर्हाना गरेका थिए । तेस्तै विद्यार्थीहरुले पालुङटार गाउँ पालिका वडानं चार, देवकोटा भन्ने स्थानमा स्थानियहरुको प्रेसर जाँच, सुत्केरी महिलाको स्वास्थ्य परिक्षण गर्नुका साथै स्वास्थ्य बीमा सम्बन्धी जानकारी, धुम्रपान मद्यपानबाट हुने असरहरू, उच्च रक्तचापबाट बच्ने उपायहरु, पोषण तत्व बारे जानकारी लगायतका कार्यक्रम गरेका थिए । सो अवसरमा देवकोटा टोल बिकाश संस्थाका अध्यक्ष कमल मग्रातीले समुदाय स्तरमा आएर स्वास्थ्यसंग सम्बन्धित बिभिन्न बिषयमा जनचेतना फैलाउने कार्यक्रम गरेकोमा विद्यार्थीहरुलाई धन्यवाद दिएको पालुङटारबाट कार्यक्रममा सहभागी विद्यार्थी अनिषा पौडेल'पल्लवी'ले जानकारी दिईन् ।

# आचार्य सेवा समाजको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २९ असार



आचार्य सेवा समाज नेपालले २१० औ भानु जयन्तीको अवसरमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ४० युनिट रगत सकलन भएको छ ।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख लोकनाथ आचार्यको प्रमुख तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिको विशिष्ठ आतिथ्यता तथा आचार्य सेवा समाजका अध्यक्ष बलराम आचार्यको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रा प्रसाद अधिकारीलगायत विभिन्न सामाजिक संस्थाका प्रमुख, पदाधिकारी र प्रतिनिनिधहरुको उपस्थिति रहेको कार्यक्रम संयोजक डा.मुकुन्दप्रसाद आचार्यले जानकारी दिए ।

# मुख्यमन्त्री पाण्डेद्वारा भानु कपको उद्‌घाटन

पोखरापत्र संवाददाता
दमौली, २९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तनहुँको भानु नगरपालिका-१ भन्सारमा आयोजित राष्ट्रियस्तरको 'नाइन ए साइड फुटबल' प्रतियोगिताको शुक्रबार उद्घाटन गर्नुभएको छ ।

दुई सय दशौं भानु जयन्तीका अवसरमा भन्सार युवा परिवार, भीमसेन युवा क्लब र सालबिस्ने युवा क्लबको संयुक्त आयोजनामा प्रतियोगिता सुरु भएको हो । सो अवसरमा मुख्यमन्त्री पाण्डेले खेल क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै खेलका कारण नेपाल विश्वमाफ चिनिन सफल भएको उल्लेख गर्नुभयो । उहाँले नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यको जन्मस्थललाई साहित्यिक धामका रुपमा विकास गरिने बताउनुभयो ।

साउन ६ गतेसम्म प्रतियोगिता सञ्चालन हुनेछ । यो जिल्लाकै सर्वाधिक राशि पुरस्कार भएको प्रतियोगिता हो । प्रतियोगितामा प्रथम हुनेलाई रु दुई लाख २५ हजार दुई सय १० नगद पुरस्कार प्रदान गरिने भीमसेन युवा क्लबका सदस्य सन्दीप श्रेष्ठले जानकारी दिनुभयो । त्यस्तै द्वितीय हुनेलाई रु एक लाख १२ हजार दुई सय १० र तृतीय हुनेलाई रु २० हजार दुई सय १० नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलरक्षक र सर्वाधिक गोलकर्तालाई जनही रु पाँच हजार दुई सय नगद पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा ३२ टोलीको सहभागिता रहेको छ ।

प्रतियोगितामा तनहुँका अतिरिक्त कास्की, गोरखा, चितवनलगायतका जिल्लाबाट टोलीको सहभागिता रहेको छ ।

सोही अवसरमा आयोजित छेलो प्रतियोगितामा प्रथम हुनेलाई रु पाँच हजार दुई सय दश र बाघचालतर्फ प्रथम हुनेलाई रु पाँच हजार दुई सय १० नगद प्रदान गरिनेछ ।

# वडा कार्यालय निर्माण गरिने

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

पोखरा महानगरका ३३ वडामध्ये सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं १७ मा सुविधा सम्पन्न कार्यालय भवन निर्माण गरिने भएको छ ।

उपत्यका नगर विकास समितिको ड्यामसाइडस्थित पाँच रोपनी जग्गामा महानगरको रु पाँच करोड ३२ लाख ५४ हजारको लागतमा नेचुरल फर्निसिङ एन्ड कन्स्ट्रक्सन प्रालिद्वारा सो भवन निर्माण गर्न सम्झौता गरिएको थियो । महानगरप्रमुख धनराज आचार्यले निर्माणाधिन भवन शुक्रबार शिलान्यास गर्दै पोखराको समग्र विकासमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी चार वर्षको अवधिमा महानगरको प्रमुख प्रशासकीय भवनका साथै सबै वडाका कार्यालयमा सुविधा सम्पन्न भवन निर्माण गरी जनतालाई सर्वसुलभ एवम् छिटोछरितो सेवा प्रदान गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"तोकिएको समयमा निर्माण सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कृत र ढिलासुस्ती गर्नेलाई दण्डित गर्न पनि महानगर पछि पर्दैन", महानगरप्रमुख आचार्यले भन्नुभयो, "पोखराको विकासमा सबैले सत्यतथ्य र सकारात्मक सोचका साथ सहयोग गरिदिन हुन आग्रह गर्दछु ।" उपत्यका नगर विकास समितिका अध्यक्षसमेत रहनुभएका उहाँले सोही स्थानको करिब ४२ रोपनी जग्गामा रु एक अर्व ५२ करोडको लागतमा महानगरको प्रमुख प्रशासकीय भवन निर्माण गर्ने तयारी भइरहेको जानकारी पनि दिनुभयो । उपप्रमुख मञ्जुदेवी गुरुङले भवन निर्माणसँगै वडावासीलाई सेवा प्रवाहमा थप सुविधा पुग्ने विश्वास व्यक्त गर्नुभयो । विकास निर्माणका सम्बन्धमा सबैको चासो रहनुपर्नेमा उहाँको जोड थियो । वडाअध्यक्ष राधिका शाही योगी वडा नं २ का वडाअध्यक्ष दिवसमान प्रधानाङ्ग, वडासदस्य तारा सेवालगायतले सेवा प्रवाहमा भौतिक संरचनाले सहयोग पुऱ्याउनेबारे चर्चा गर्नुभएको थियो ।

# 'हाँस्नु स्वास्थ्यका लागि लाभदायक'

रासस
काठमाडौं, २९ असार


हाँसोले शारीरिक र मानसिक तनाव हटाउन मद्दत गर्नुका साथै प्रतिरोधी क्षमता बढाउन पनि सहयोग पुऱ्याउने योग विज्ञको भनाइ छ ।

हाँसोले तनावका हार्मोनलाई घटाई स्वस्थ रहने रसायन बढाउनुको साथै मुटुको रक्षा गर्न सघाउने तथा दैनिक १० देखि १५ मिनेटसम्म हाँस्नाले तौल घटाउन पनि सहयोग पुग्ने हास्य कलाकार शिवशङ्कर रिजालले बताउनुभयो । उहाँ दैनिक योग गर्नुका साथै हाँस्ने गर्नुहुन्छ । "म हाँस्ने योग १५ देखि २० मिनेटसम्म गर्ने गरेको छु । म देखावटी नभई मनदेखि नै हाँस्छु । यसले स्वस्थ पनि बनाउँछ", हास्य कलाकार रिजालले भन्नुभयो । उहाँको दिनचर्या नै योग र व्यायाममार्फत सुरू हुन्छ । हाँस्दा मष्तिस्कका कोशिकाबाट निस्कने इण्डोर्फिन नामक रसायनले 'मुड' ठीक गर्न मद्दत गर्छ । मुड ठीक हुनुको अर्थ हो जीवनका सबै कुरा राम्रो हिसाबले चल्नु । मुड ठीक हुँदा मानिसको व्यक्तिगत, सामाजिक, व्यावसायिक जीवनमा सकारात्मक प्रभाव पर्छ । हास्य कलाकार किरण केसीले हास्य विधालाई दर्शकले रोजाइको प्राथमिकतामा राखेको बताउनुभयो । "हास्य विधामा काम गर्ने कलाकार अहिले सम्पन्न भएका छन् । देशदेखि विदेशसम्म पुगेर आफ्नो प्रस्तुति दिएका छन् । यो सबै दर्शकको रोजाइका कारण सम्भव भएको हो", हास्य कलाकार केसीले भन्नुभयो, "हाम्रो कामले एकैछिन भए पनि मुहार उज्यालो बनाउने काम गर्छ । त्यसैले हाम्रो काम शृङ्खलामा होस् या चलचित्रमा दर्शकले रुचाएका छन् ।"


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# संरक्षणको अभावमा खण्डहर आदिकवि भानुभक्तको घर

– मिला दरै
तनहुँ, २९ असार

राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको घर जलेको २० वर्ष भयो । लामो समय हुँदासम्म पनि उक्त घरको पुनर्निर्माण हुन सकेको छैन ।

भानु नगरपालिका-४ चुँदीरम्घा शिखरकटेरीस्थित घर संरक्षणको अभावमा खण्डहर बनेको छ। भारत, म्यानमारलगायत देशमा भानुभक्तको ठूलो चर्चा हुने गरे पनि नजिकैको तीर्थ हेला भनेझैँ सङ्घ सरकार, प्रदेश सरकार र स्थानीय सरकारको चासो पुग्न सकेको छैन । आदिकवि भानुभक्तको जन्मघरको संरक्षण गर्न सके यहाँ आउने साहित्यिक पर्यटकका लागि अध्ययनको केन्द्र बन्न सक्छ। कुनै सरकारको चासो नहुँदा भानुको घर खण्डहर बनेको हो । देश तथा विदेशबाट भानुको जन्मथलो घुम्न आउने पर्यटक यहाँ आइसकेपछि भानु भग्नावशेष घर देखेर निराश हुने गरेको स्थानीयवासी बताउँछन् ।

भानुको घर झारले ढाकेको, घरमा प्रयोग भएका काठका झ्याल, ढोका डढेलोले खाएको र रामायण भवन अलपत्र परेको देख्दा मन रोएको भानु-४ सेपाबगैँचाका मीनबहादुर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, “भानु पिछडिएको छ, भानुभक्तकै नाममा विभिन्न फाइदा लिने गरेको भए पनि यहाँको विकासका लागि कुनै पनि पहल भएको छैन, यहाँ आवतजावत गर्नका लागि सहज सडक निर्माण गर्न नसक्दा यहाँ



आउने पर्यटक तथा स्थानीयलाई सकस भएको छ, तर सहज बनाउने कार्यतर्फ चासो पुगेको छैन ।” यहाँको विकास आवश्यक भएकाले तुरुन्तै बजेट विनियोजन गरेर भानु घरसम्म पुग्ने सडक सहज बनाउनुपर्ने उहाँको भनाइ छ । नेपाली भाषाका धरोहर आदिकवि आचार्यले नेपाली साहित्यिक क्षेत्रमा उल्लेखनीय योगदान गरे पनि राज्यले उहाँको सम्मान गर्न नसकेकाले घरको पुनर्निर्माणमा ध्यान नपुगेको स्थानीयवासीको भनाइ छ । भानुभक्तको जन्मघर नजिकै बस्ने ८५ वर्षीय भ्याँगे सुनारले स्थानीयवासी जनप्रतिनिधिले संरक्षणका लागि पहल नगरेकाले अलपत्र परेको बताउनुभयो । आदिकवि भानुभक्त चलचित्रमा अभिनय गरेर आफ्नो कलाकारिता अगाडि बढाउनुभएका दिलीप रायमाझीले भानुको जन्मस्थलमा केही अघि त्यहाँ पुग्दा भग्नावशेष परेको घर देख्दा भानुलाई सम्मान हुन नसकेको अनुभूति भएको बताउनुभयो । भानुभक्तलाई भारतको दार्जिलिङ र सिक्किममा निकै आदर गर्ने भए पनि नेपालमा भानुको सम्मान हुन नसकेको उहाँको बुझाइ छ ।

विसं २०५२ मा सरकारले गठन गरेको भानु जन्मस्थल विकास समितिको नाम परिवर्तन गरेर आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका रूपमा नयाँ गठन भएको छ । समितिले विसं २०५५ मा ‘आदिकवि भानुभक्त’ नामक चलचित्र बनाउने क्रममा घरको पुनर्निर्माण गरेको थियो ।

विसं २०५७ मा भानु चलचित्र निर्माता यादव खरेलले ‘आदिकवि भानुभक्त’ नामक चलचित्र निर्माणका लागि रु एक लाखको लागतमा उक्त घर पुनर्निर्माण गर्नुभएको थियो । रामायण भवन तथा भानुको घरलाई संरक्षणमा टेवा दिन नेपाल प्रहरी र सशस्त्र प्रहरीले चौकी स्थापना गर्न माग राखेको भए पनि सुनुवाइ नभएको भानुभक्त जन्मस्थल विकास समितिका अध्यक्ष तथा साबिक भानु गाविसका अध्यक्ष ऋषिराम पन्तले बताउनुभयो । जङ्गलको बीचको खरको छानाको उक्त घर विसं २०६० जेठमा आगलागी हुँदा जलेर नष्ट भएको थियो। विसं २०७३ मा तत्कालीन मुख्यसचिव डा सोमलाल सुवेदी, पूर्वमुख्यसचिव लीलामणि पौडेल र पश्चिमाञ्चल विकास मञ्चका अध्यक्ष रामकाजी कोनेले घरको शिलान्यास गर्नुभएको थियो ।

रु ६८ लाखको लागतमा निर्माण हुने भनी शिलान्यास गरिएको भए पनि बजेट विनियोजन नभएकाले पुनर्निर्माणको काम हुन नसकेको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी निर्देशक शङ्क रानाभाटले जानकारी दिनुभयो । चुँदीरम्घाको प्राकृतिक सौन्दर्य नासिँदै गएको छ । भानुभक्तको सालिक लेउले ढाकेको छ । आदिकविसँग सम्बन्धित सम्पदा, वस्तु र भानु पुस्तकालयको संरक्षण भएको छैन। नेपाली भाषा दयनीय हुँदै गएको र विदेशी संस्कृतिको हस्तक्षेप बढिरहेको अवस्थामा सरकारले यो क्षेत्रको विकास गरेर नेपाली भाषाको जगेर्ना गर्नुपर्ने स्थानीय बताउँछन् । बिर्के टोपी घाँसी अभियानका अभियानकर्मी भानु-२ अम्बोटे निवासी यदुनाथ न्यौपानेले करोडौँमा बनेको रामायण भवन धमिराले खाने, भानुको घर पुनर्निर्माण नहुने र भानु जयन्तीमा मात्रै भानु टोपी लगाएर अर्थ नहुने बताउनुभयो । भानुभक्त विसं १८७१ असार २९ गते चुँदीरम्घामा जन्मनुभएको थियो ।



महतगौडामा निर्माण गरिएका १०८ शिवलिङ्ग : ऐतिहासिक धार्मिकक्षेत्र सदाशिव हरिहर मन्दिर पोखरा-१७ महतगौडा परिसरमा निर्माण गरिएका १०८ शिवलिङ्ग । करिब रु ४३ लाख सहयोग जुटाएर शिवलिङ्ग र १०८ गौमुखे धारा निर्माण गरिएको छ। तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस

# लोमान्थाङ वरपर छायङ्कन गरिएको मुस्ताङ्गे नानी सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २९ असार

किमी छ्योक्योङ गुरुङले निर्माण गरेको तामाङ सेलोमा आधारित मुस्ताङ्गे नानी नामक म्युजिक भिडियो शुक्रबार सार्वजनिक गरिएको छ।

गण्डकी प्रदेशका पूर्व सांसद एवं मुस्ताङका बासिन्दा ईन्द्र धारा बिष्टको शब्द तथा संगीत रहेको गीत एसटु प्रोडक्सन प्रालिले प्रस्तुत गरेको हो। एस टु प्रोडक्सनको युट्युव च्यानलबाट गीत सार्वजनिक गरिएको हो ।

प्रालिले एक दशक भन्दा लामो समयदेखि म्युजिक भिडियो, कमर्सियल एड र रियालिटी सो सम्बन्धी काम गर्दै आएको छ। प्रालिकै प्रस्तुती रहेको यो गीत विश्व दोङले गाएका हुन् । गीतमा वरिष्ठ नृत्य निर्देशक शुवास राई र रिक्साङ गुरुङको आकर्षक अभिनय रहेको छ । लोमान्थाङ गाउँपालिका वडा नम्बर ५ लोमान्थाङका बासिन्दा बिष्टले यो गीत दुई बर्ष अघि लेखे पनि अहिले आएर




श्रव्यदृष्यमा समेटिएको हो ।

गीतमा मुस्ताङका चराङ, घरगुम्बा, लुरी, घारा, यारा, सुर्खाङ, ढि र धे खोला क्षेत्रका आकर्षक दृष्यहरु समेटिएको छ। यो गीत खासगरी मुस्ताङ र समग्र नेपालको पर्यटनमा टेवा दिने गरी तयार गरिएको बिष्टले बताए । यसअघि लोमान्थाङमै बसम र हिमाल पारी लोमान्थाङ गाउँ गरी दुई गीत बजारमा ल्याइसकेका बिष्टको यो तेश्रो गीत हो। आमा तिम्रो बोल भएको चौंथो गीत पनि आफूले लेखिसकेको उनले सुनाए। गीतको अरेन्जरमा विष्णु तामाङ, प्रोडुसरमा किमी गुरुङ, सिनेमाटोग्राफीमा सुरज श्रेष्ठ र गणेश सापकोटा रहेका छन् । गीतको निर्देशन र सम्पादन भने सुरज श्रेष्ठले नै गरेका हुन्। मञ्जु श्रेष्ठको मेकअप रहेको गीतको कोरियोग्राफर भने एमडी सुवास गुरु हुन् ।

कोरस नृत्यमा भने महिला तर्फ रिक्साङ गुरुङ, कर्म याङडोन, धावा छोन्जोम, पासाङ ढोल्मा, सोनाम ल्हामो, रिन्जेन ढोल्मा र पुरुष तर्फ छेरिङ नोर्बु, पेमा वाङदी, तेञ्जिङ, छेवाङ जेन्देन र सोम छेरिङले साथ दिएका छन् ।

# आदिकवि भानुभक्त जन्मस्थल विकास समितिलाई प्रदेश मातहत आउन मुख्यमन्त्रीको आग्रह

पोखरापत्र संवाददाता
तनहुँ, २९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आदिकवि भानुभक्त जन्मस्थल विकास समितिलाई प्रदेश मातहत आउन आग्रह गर्नुभएको छ।

भानुभक्त आचार्यको दुई सय दशौँ जन्मजयन्तीको अवसरमा आज तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घाबेसीस्थित भानुभक्त जन्मस्थल विकास समिति र भानु नगरपालिकाद्वारा संयुक्त आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले सुस्तगतिमा भइरहेको कामलाई तीव्र पार्न समिति प्रदेशमा आउनुपर्ने बताउनुभयो ।

प्रदेश मातहत आएको खण्डमा विकास समितिले गरेका कामलाई दोब्बर हुने गरी काम गर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “समिति प्रदेश मातहत आएको खण्डमा हामी अनुभूति हुने गरी काम गर्नेछौँ ।”“संघ सरकार मातहत नै रहनुपर्छ भन्ने उचित लागेमा राख्नुहोस्, तर प्रदेशअन्तर्गत आएमा राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा भएका कामलाई दोब्बर गर्छौँ । सम्मान हुने गरी कार्यक्रम ल्याउनेछौँ”, मुख्यमन्त्री पाण्डेले भन्नुभयो, “आदिकवि भानुभक्त आचार्यले गरेका ऐतिहासिक कार्य सदा अविस्मरणीय रहनेछ, भानुभक्तले खनेका घाँसीकुवाको ऐतिहासिक, धार्मिक एवं पुरातात्विक तवरले संरक्षण र संवर्द्धन गर्नुपर्नेछ ।”

भाषा, साहित्यको क्रान्ति ल्याउने भानुभक्तको योगदानको स्मरण गर्दै उहाँले पर्यटकीय तवरबाट यहाँका विकासका लागि नगरपालिकाको साथमा प्रदेश सरकारसँगै रहेको उल्लेख गर्नुभयो । चालु वर्षमा नै सबै काम पूरा गर्न नसके पनि आगामी वर्षमा पनि यहाँको विकासका लागि सम्बोधन गर्ने उहाँले बताउनुभयो । सो अवसरमा भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले आदिकवि भानुभक्तको नामबाट नै नामाकरण गरिएकाले विभिन्न कार्य गर्ने योजनासहित समन्वयमा रहेको बताउनुभयो । उहाँले भानुभक्तको जन्मस्थल विकासका लागि आफू सधैँ तयार रहेको बताउनुभयो ।

# पहिराले लघुजलविद्युत् परियोजनामा क्षति

पोखरापत्र संवाददाता
म्याग्दी, २९ असार

म्याग्दीको धवलागिरि गाउँपालिका-२ लुलाङस्थित ४२ किलोवाट क्षमताको दरखोला दोस्रो लघुजलविद्युत् परियोजनाको विद्युत्गृहमा पहिराले क्षति पुऱ्याएको छ।

बिहीबार मरेनीस्थित विद्युत्गृह माथिको भिरबाट खसेको पहिराले विद्युत्गृहमा क्षति भएको हो । विद्युत्गृहको उपकरण पहिराले पुरिएर क्षति भएको वडाध्यक्ष अकप्रसाद विकले बताउनुभयो । उहाँका अनुसार कतिपय उपकरण पहिराले दरमखोलाको बगरसम्म नै पुर्‍याएको छ । मुख्य पाइप लाइनमा समेत क्षति भएको छ।

विद्युत् आपूर्ति बन्द भएपछि सिङ्गो वडा नं २ का बासिन्दा बिजुलीबाट बञ्चित भएका छन्। घरेलु उद्योग बन्द भएका स्थानीय भक्त सिङ्किजा पुनले जानकारी दिनुभयो । परियोजनाबाट उत्पादन भएको बिजुलीबाट वडा नं २ का लुलाङ, लमसुङ र खोरियाका करिब चार सय परिवार लाभान्वित भएका थिए।

दुई वर्षअघि बाढीले परियोजनाको नहर, बाँध र विद्युत्गृह बगाएपछि गत वर्ष मात्रै मर्मत गरेर यस परियोजनाको विद्युत्गृह नै स्थानान्तरण गरेर परियोजनालाई पुनः सञ्चालनमा ल्याइएको थियो । लाखौँ खर्च गरेर मर्मत गरी सञ्चालनमा ल्याएको परियोजनाको विद्युत् गृह एक वर्षमै पहिराले क्षति पुर्‍याएको छ । स्थानीयवासीले परियोजनाको मर्मत सुधारसँगै केन्द्रीय विद्युतीकरणको पहुँच विस्तारमा ध्यान दिन माग गरेका छन् । परियोजना पुनःनिर्माणका लागि दुई वर्षअघि गाउँपालिकाले रु १२ लाख र स्थानीय पूर्वाधार विकास कार्यक्रममार्फत रु १० लाख खर्च भएको थियो ।

विसं २०७६ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको रु ८५ लाख ९७ हजार, जनश्रमदान रु ३३ लाख, गाउँपालिकाको रु ५० लाख र स्थानीयवासीबाट चन्दा सङ्कलन गरी परियोजना निर्माण गरिएको थियो। यसअघि २०७२ साउनमा जुगेपानीमा आएको पहिराले विद्युत्गृह र नहर बगाएपछि मरेनीको फेदीमा परियोजना स्थानान्तरण गरेर पुनःनिर्माण गरिएको थियो ।

# नेपाल पाकिस्तानसँग पराजित

काठमाडौँ
रासस, २९ असार

श्रीलङ्कामा जारी एसीसी पुरुष इमर्जिङ टिम्स एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानको ए टोलीसँग पराजित भएको छ।

कोलम्बो क्रिकेट क्लबको मैदानमा आज भएको खेलमा नेपाल चार विकेटले पराजित भएको हो। नेपालले दिएको एक सय ८० रनको लक्ष्य पाकिस्तान ए ले ३२ दशमलव ५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गऱ्यो ।

पाकिस्तान ए का लागि तैयव ताहिरले सर्वाधिक ५१ रनको योगदान दिए । त्यस्तै वमिर विन युसुफले ३६ रन बनाए भने कमरान गुलामले ३१ रन बनाए । बलिङतर्फ नेपालका ललित राजवंशीले ३ विकेट लिए भने पवन सर्राफले २ विकेट झारे । त्यस्तै कुशल मल्लले १ विकेट झारे । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ३७ ओभरमा सबै विकेट गुमाउँदै एक सय ७९ रनको योगफल बनायो । नेपालका लागि सोमपाल कामीले एक सय १ बलमा ९ चौका र २ छक्काको सहयोगमा ७५ रनको अर्धशतकीय इनिङ खेले ।

सोमपालले प्रतिश जिसीसँग मिलेर ७० बलमा ५८ रनको साझेदारी गरे । यस साझेदारीले नेपाललाई लज्जास्पद योगफल बन्नबाट जोगायो । प्रतिशले २४ बलमा एक चौका र दुई छक्काको सहयोगमा २६ रन बनाए। पन्ध्र दशमलव ४ ओभरमा ७२ रनमा ८ विकेट गुमाइसकेको नेपालका लागि सोमपाल र प्रतिशको साझेदारीबाट टोली सम्मानजनक योगफल बनाउन सफल भयो । त्यसैगरी अर्जुन साउद तथा कुशल मल्लले समान १७/१७ रन बनाए। गुलशन झाले १९ बलमा एक चौकाको सहयोगमा १३ रन बनाए भने ओपनर आसिफ शेखले १२ रन जोडे। त्यसबाहेक अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पाकिस्तान ए का लागि शाहनवाज दहानी एक्लैले पाँच विकेट लिए भने मोहम्मद वासिम जुनियरले चार विकेट लिए । त्यस्तै मुबासिर खानले एक विकेट लिए । जितसँगै पाकिस्तान ए टोली समूह बी को शीर्ष स्थानमा उक्लिएको छ। पराजित नेपाल दोस्रो स्थानमा रहेको छ। नेपालले आफ्नो दोस्रो खेलमा आगामी साउन १ गते भारत ए सँग खेल्नेछ।

प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन् । टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह ए मा श्रीलङ्का, अफगानिस्तान, बङ्गलादेश र ओमान ए छन् भने समूह बी मा नेपाल, भारत, पाकिस्तान र युएईको ए टोली छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०३/३०)

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३१ मा दि बेगनास लेक रिसोर्ट एण्ड भिल्लाज प्रा. लि. द्वारा दि बेगनास लेक रिसोर्ट एण्ड भिल्ला निर्माण तथा संचालन सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन उपर प्रस्तावित आयोजना स्थलमा मिति २०८०/०४/०७ गते आइतबारको दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्तिथीमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

आयोजक
दि बेगनास लेक रिसोर्ट एण्ड भिल्लाज प्रा. लि.
सम्पर्क नं. ९८५११२१००३

# सहश्राब्दी पदमार्गलाई पर्यटकीय गन्तव्य बनाइने

– वासुदेव पौडेल
गण्डकी, २९ असार

सहश्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)ले नेपालमा मात्रै पाइने चरा 'काँडे भ्याकुर' ठूलो सङ्ख्यामा पाइने स्थानका रूपमा चासो र चर्चा कमाएको छ । तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोडिने ७२ किलोमिटर दूरीसहितको क्षेत्रफलमा समेटिएको यस पदमार्गको ५२ किलोमिटर क्षेत्र वनजङ्गलले ढाकिएको छ।

जुनसुकै मौसममा जुनसुकै उमेर समूहका व्यक्तिले पदयात्रा गर्न सक्ने यो पदमार्गका अधिकांश स्थानबाट धवलागिरि, अन्नपूर्णलगायतका हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ नै वनजङ्गल, चराचुरुङ्गी आदिको अवलोकनले यहाँ आउने जो-कोहीलाई लोभ्याउने गरेको छ।

पदयात्रासँगै यस क्षेत्रमा चरा पर्यटनलाई पनि सँगसँगै अघि बढाउने लक्ष्यका साथ विभिन्न गतिविधि अघि बढिरहेको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो । समितिले यसअघि पोखरा पक्षी समाजसँगको सहकार्यमा यस क्षेत्रमा पाइने चराको गणना गरिसकेको उहाँले जानकारी दिनुभयो । "पदमार्ग क्षेत्रलाई चरा पर्यटनको पनि आकर्षक गन्तव्य बनाउने लक्ष्यका साथ यहाँ पाइने सबै चरालाई हामीले पुस्तकमा समेट्ने तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "पुस्तकमा समेटिएसँगै यस क्षेत्रमा पदयात्रा गर्न आउने वा चराहरूकै अध्ययन अवलोकनका लागि आउने पर्यटकका लागि थप उपयोगी बन्ने हाम्रो विश्वास छ।"

नेपालमा मात्रै पाइने चरा काँडे भ्याकुर पदमार्ग क्षेत्रका अधिकांश स्थानमा पाइने पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले बताउनुभयो । स्थलगत अध्ययनअनुसार पदमार्ग क्षेत्रको तनहुँको प्रसिद्ध ढोरबाराही मन्दिरबाट रजस्थलसम्म ठूलो सङ्ख्यामा काँडे भ्याकुर भेटिएका छन् । त्यस्तै पदमार्ग क्षेत्रकै कोल्माबाट भैसेगौँडा, बुढाकोट तलतिरको भागलगायतका विभिन्न स्थानमा ठूलो सङ्ख्यामा काँडे भ्याकुर पाइएका छन् ।

अध्ययनबाट पदमार्ग क्षेत्रमा एक सय ३७ प्रजातिका चरा फेला परिसकेको र थप अध्ययन अनुसन्धानबाट अन्य केही प्रजाति अझै थपिने देखिएको अध्यक्ष घिमिरेले बताउनुभयो । स्थलगत अनुसन्धानसँगै यस पदमार्ग क्षेत्रलाई चरा अध्ययन केन्द्रका रूपमा विकास गर्न सकिने प्रारम्भिक निष्कर्ष निकालिएको छ । यस क्षेत्रमा काँडे भ्याकुरसँगै अन्य अति सङ्कटमा परेका केही चरा पनि पाइएको उहाँले बताउनुभयो । संरक्षणको सूचीमा रहेको लुँइचे, मांसाहारी प्रजातिका विभिन्न चरा यहाँ भेटिएका छन् । सुन गिद्ध, डङ्गर गिद्ध, सेतो गिद्धलगायत गिद्धका साथै कोला चित्रा, आसकोटे बकुल्ला, वस्तु बकुल्ला पाइएको छ । त्यस्तै पौरी बाज, बौडाइ, कालो चिल, काकाकुल, शिक्रा, वनबाज, मोुरुङ्गी चिल, सिम कुखुरा, मलेवा, तामे ढुकुर, कुर्ले ढुकुर, पहाडी हलसो, चित्रकुट, कन्टे सुगा, मधुवा आदि चरा पर्यटकले देख्न सक्दछन् । ढोडे गोकुल, हरित मालकौवा, बिउकुहियो, लेकाली उलुक, कटुसटाउेक मुरलीचरा, कुथुर्के, काष्ठकुट, सुनजुरे काठफोर, लटुशक विरहीचरी, सानो तामे लाहाँचे, आली चुइयाँ, कोटेरो मुनियाँ, पिराजा बुङ्गेलगायत प्रजातिका चराले पनि यस पदमार्गको गरिमा अझै बढाएको छ । संरक्षणका क्षेत्रमा क्रियाशील प्रकृतिका साथीहरूको आयोजनामा सहस्राब्दी पदमार्गको राङ्भाङ भैँसेगौँडामा दुई वर्षअघि लाटोकोसेरो तथा हुचिल उत्सव पनि सम्पन्न गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवं मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो ।

"हामी मिलेनियम ट्रेकलाई पदयात्राका लागि मात्रै नभएर चरा पर्यटनको पनि गन्तव्य बनाउन चाहन्छौँ", उहाँले भन्नुभयो, "पदयात्रासँगै चराको अवलोकन गर्न आउने पर्यटकलाई लक्षित गरी पदयात्रा मार्गका विभिन्न स्थानमा घरबास सञ्चालनमा आइसकेका छन् ।"

पछिल्ला वर्षमा प्रकृतिका साथीहरू संस्थाकै आयोजनामा उक्त क्षेत्रमा वार्षिकरूपमा विद्यार्थीलाई वन्यजन्तु अनुसन्धान विधि विषयक तालिमसमेत प्रदान गर्ने गरिएको निर्देशक राजु आचार्यले जानकारी दिनुभयो । देशभरबाट सहभागी हुने विद्यार्थीलाई १९ दिने वन्यजन्तु अनुसन्धान विधि विषयक तालिम दिइने उल्लेख गर्दै उहाँले सो क्रममा त्यहाँ पाइने चरा, वन्यजन्तु, पुतली आदिबारे जानकारी एवं अध्ययन-अनुसन्धान गराइने जानकारी दिनुभयो । शान्तस्थल, पर्याप्त वनजङ्गल आदिका कारण पनि यस क्षेत्रमा धेरै प्रजातिका चरा पाइने स्थानीयवासी बताउँछन् । पछिल्ला समयमा पोखरा र आसपासका क्षेत्र चराको अध्ययन अवलोकनका लागि स्वदेशी एवं विदेशी पर्यटक आउने थालेका कारण मिलेनियम ट्रेकमा चरा पर्यटनको विकास गर्ने पर्याप्त सम्भावना रहेको गुरुङले बताउनुभयो । नेपालमा भित्रने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेको अध्ययनले देखाएको छ ।

# पहिराले बुर्तिबाङ-पूर्वी रुकुमखण्ड अवरुद्ध

पोखरापत्र संवाददाता
बागलुङ, २९ असार

अबिरल वर्षाका कारण पहिराले राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बुर्तिबाङ-पूर्वी रुकुमखण्ड अवरुद्ध बनेको छ। लोकमार्गको निसीखोला गाउँपालिका-४ र ५ को सिमाना धरमशाला कालापैरामा माथिदेखि झरेको लेदोसहितको पहिराले सडक अवरुद्ध भएको हो ।

वर्षा हुँदाबित्तिकै माथिदेखि लेदो झर्ने र सडकमा थुप्रिँदा यातायात सञ्चालन हुन नसक्ने अवस्था रहेको निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले जानकारी दिनुभयो । सडक अवरुद्ध हुँदा बुर्तिबाङबाट निसी, भल्कोट हुँदै पूर्वीरुकुम र रोल्पा पुग्ने यातायातका साधन ठप्प छन् । पूर्वीरुकुमको रुकुमकोटबाट काठमाडौँ, पोखरा सञ्चालन हुने साना तथा ठूला सवारीसाधन पनि सञ्चालन हुनसकेका छैनन् ।

लोकमार्गसँग सहकार्य गरेर सडक खुलाउने प्रयास गरिरहेको गाउँपालिका अध्यक्ष घर्तीमगरको भनाइ छ । उहाँले यस सडकको खण्डको पातीहाल्नेमा रुख ढलेर सडक अवरुद्ध भएकामा अहिले खुलाइसकेको बताउनुभयो । अध्यक्ष घर्तीमगरले भन्नुभयो, "यो पहिराले हैरान बनायो, पानी पर्नैहुन्न, पर्‍यो कि माथिदेखि लेदो आएर सडकमा थुप्रिन्छ, यताको गाडी यतै, उताको गाडी उतै हुन्छन्, यसले धेरै समस्या बनायो ।

मुख्य सडकसँगै निसीखोलाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएको उहाँले जानकारी दिनुभयो । अब बर्खा नरोकिएसम्म उक्त सडक खुलाउन नसकिने घर्तीमगरको भनाइ छ । बुर्तिबाङ बजारबाट कानाबगरसम्म सहजरूपमा यातायातका साधान चल्न सके पनि त्यसभन्दा माथि समस्या हुने गरेको उहाँले बताउनुभयो ।

# सूची दर्ता गर्ने बारेको सूचना

प्रकाशन मिति २०८०/०३/३०

यस संस्थाको नियमानुसार आ.व. २०८०।८१ का लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरीद गर्न छुट्टाछुट्टै सूची तयार गरी राख्नु पर्ने भएकोले इच्छुक सेवा प्रदायकहरुबाट आफुले उपलब्ध गराउने वस्तु तथा सेवाको विवरण, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र, कम्पनीको प्रोफाइल प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको कार्यालय, पोखरा १३ कास्कीको प्रशासन शाखामा वा ईमेल (ccsccltd@gmail.com) मार्फत उपलब्ध गराउन आह्वान गरिन्छ।

**सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :**

**क. छपाई तथा मसलन्द**

१. स्टेशनरी सामान आपूर्ति कार्य

२. चेक तथा चेक कभर, चेक मांग स्लिप, नगद जम्मा भौचर, ऋण भौचर, आम्दानी भौचर, खर्च भौचर, वार्षिक प्रतिवेदन, बुलेटिन, हाते पुस्तिका, जरनल, शेयर प्रमाणपत्र, डायरी, क्यालेण्डर आदि छपाई तथा आपूर्ति कार्य

३. फ्लेक्स, होडिङ बोर्ड तथा साइनबोर्ड आदि आपूर्ति

**ख. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु**

१. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु आपूर्ति तथा सो सम्बन्धी सामानहरु मर्मत सम्भार समेतका कार्यहरु

२. कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर, क्यामेरा, बाह्य हार्ड डिस्क लगाएत कम्प्यूटर सम्बन्धी अन्य सामानहरु आपूर्ति तथा मर्मत कार्यहरु

३ CCTV/Alarm System/EPABX/Telephone Sets/Fire Alarm/Battery/AC/UPS/FireExtinguisherआदिसामानहरुकोआपूर्तितथासोसम्बन्धीमर्मतसम्भार, रिफिलिङ जस्ता कार्यहरु

४. अफिस उपकरण, फोटोकपि, एयर कन्डिसन मेसिन, फेक नोट डिटेक्टर आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भारका कार्यहरु

५. प्रिन्टरको इन्क, कार्टेज, रिबन, टोनर, आपुर्ति तथा रिफिलिङ

**ग. निर्माण, मर्मत तथा सम्भार**

१. कार्यालय निर्माण/आन्तरिक सजावट

२. Networking Equipment/Connectivity/Services/IT Support/CCTV/AC Maintenance

**घ. फर्निचर तथा फिक्सचर्स सम्बन्धी कार्यहरु**

१. अफिस फर्निचर (मेटल तथा काठको) फाइलिङ च्याक (क्याबिनेट), टेबुल, कुर्सी, दराज आदि आपूर्ति तथा मर्मत कार्य

**ङ. अन्य सेवाहरु**

१. धितो मूल्याङ्कन कर्ता २. युनिफर्म ३. विज्ञापन, सूचना प्रकाशन/प्रसारण

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरु :**

१. सूचीकरणको लागि पेश हुन आएको निवेदनसंग विवरण, क्षमता तथा दक्षतालाई आधार मानि निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता/आपुर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सूचीकृत गरिने छ।

२. सूचीकृत हुनको लागि आवेदनमा सबै वा कुनकुन सामानहरु आपुर्ति र मर्मत कार्य गरिने हो। खुलाउनु पर्नेछ।

३. सूचीकृत भएका फर्महरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेसन वा शिलबन्दी कोटेशन माध्यमबाट गरिने छ। तर सूचीकृत भएका सबै विक्रेता आपुर्तिकर्ता (फर्म कम्पनी) बाट सामान वा सेवा खरिद गर्न संस्था बाध्य हुनेछैन। सूचीकृत सेवा प्रदायक, आपुर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दर भाउ बढि भएमा बाह्य आपुर्तिकर्ताबाट नियम अनुसार सेवा लिने छ।

४. संस्थाले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सूचीकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि मांग लिन पाउने गरी कार्य गर्न सक्नेछ।

५. स्वीकृत भएका विक्रेता, कम्पनी, फर्मबाट संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्धारा भाग लिन अनुरोध गरिने छ।

६. अघिल्ला वर्षहरुमा संस्थामा सूचीकृत सेवा प्रदायकहरुले निवेदन र करचुक्त प्रमाणपत्रको प्रतिलिपि मात्र पेश गर्दा हुनेछ।

७. आपुर्तिकर्ताहरु (फर्म कम्पनी) सूचीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा वडा नं. १३, कास्की, (१३ नं. वडा कार्यालय अगाडि)
फोन नं. ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८
Email : ccsccltd@gmail.com

# कृषि पर्यटनको गन्तव्य बन्दै गेप्ताङ

पोखरापत्र संवाददाता
पर्वत, २९ असार

गण्डकी प्रदेश सरकारको समृद्धि तथा विकासका लागि कृषि र पर्यटनलाई जोडेर लैजानुपर्ने आवाज अभ्यासमा बदलिन थालेका छन् ।

विहादी गाउँपालिकामा अवस्थित पैयूँकोट दरबार र महाशिलाको मध्य भागमा अवस्थित वडा नं ५ उरामपोखराको मगर बस्ती गेप्ताङ गाउँको घरबास पर्यटन नमूना कृषि पर्यटनको गन्तव्य बनाउन प्रदेश सरकार लागिपरेको हो । पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएको गेप्ताङ र आसापासका क्षेत्रको विकासमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रयास थालेको छ । प्याराग्लाइडिङको परीक्षण सफल भएको बस्ती माथिको लुप्रेङडाँडा, हातेमालो चोकदेखि गोल्र्याङधाम पुग्ने पैदल मार्ग छेवैको गेप्ताङको मगर बस्ती अहिले पाहुना बिसाउने थलोका रूपमा स्थापित हुँदै गएको छ ।

पाहुँना गाउँमा पुग्दा स्थानीय मगर समुदायले मगर जातिको सालैजो र मारुनीमा नचाउँदै स्वागत गर्ने गरेका छन् । मगर संस्कृतिको पुरानो चलन जीवित रहेको यस बस्तीमा पछिल्ला दिनहरूमा घरबास पर्यटनले समेत महत्व पाएको छ ।

गेप्ताङ सामुदायिक घरबास 'होमस्टे'मा गरिएको स्वागत र स्थानीय रूपमा उत्पादन हुने खाद्यान्न तथा आवास शैली सहरी होहल्लाबाट मुक्त हुँदै शान्त र मनोरम हावापानीमा रमाउन चाहनेका लागि गन्तव्य बनेको हो । स्थानीय जङ्गलमै पाइने सिस्नो, ढकायो र कोदो तथा फापरको ढिँडोका पारखीलाई गेप्ताङले लोभ्याउँदै आएको छ । मगर संस्कृतिको बटुक अर्को परिकार हो । स्थानीय होमस्टे सञ्चालक शेरबहादुर थापा मगरका अनुसार २०७० सालदेखि नै होमस्टेको अभ्यास गर्दै आएकामा २०७५ सालदेखि वैधानिक रूपमा होमस्टे सञ्चालन गरिएको छ । करिब ३५ घरधुरी रहेको गेप्ताङमा पर्यटक र कृषि मन्त्रालयको पाक शिक्षा तालिम पाएपछि स्थानीय परिकारले महत्व पाउन थालेको हो । अहिले दैनिक १० देखि १५ जनासम्म घुम्न र बस्न तथा प्याराग्लाइडिङ गर्न आउनेको दर बढेपछि घरबास सञ्चालकको व्यापार व्यवसाय फस्टाउँदै गएको छ । सामुदायिक होमस्टेका पदाधिकारीको सक्रियतामा घर बाँडेर पाहुनाको व्यवस्थापन गर्दै आएको थापाले बताउनुभयो । स्थानीय जातजाति, संस्कृति अवलोकन गर्दै भाषा र संस्कृतिमा रमाउनेका लागि पनि होमस्टे अहिले गन्तव्य बनेको स्थानीयवासी ऋषिराम भुसालले बताउनुभयो । मगर जातिको संस्कार सालैजो, मागी, कौडा, घाटु नाचबाट ख्याति पाएका कारण पनि अहिले अध्येताहरूको पनि आकर्षण बढेको उहाँको भनाइ छ ।

हालै मात्र गण्डकी प्रदेशको नियमित कार्यक्रम कृषकसँग कृषिमन्त्रीका लागि गन्तव्य र स्थानीय व्यवस्थापनको मौका पाएको गेप्ताङ कृषि र पर्यटनलाई जोड्ने अवसरसँगै रैथाने बाली अध्ययन पकेट क्षेत्रका रूपमा सहजीकरण गर्ने मन्त्रालयको योजना हात पार्न सफल भएको छ । गण्डकी प्रदेश सरकारको २० लाख पर्यटक भित्र्याउने लक्ष्य पूरा गर्न र स्थानीय संस्कृतिको जगेर्ना तथा उजागर गर्न पनि होमस्टे महत्वपूर्ण रहेको गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री लेखबहादुर थापाले बताउनुभयो ।

स्थानीय रूपमा उत्पादन हुने खाद्यान्नको पाक शिक्षा पाएपछि आगन्तुकलाई परिकार खुवाउन सहज भएको वडाध्यक्ष खिमबहादुर थापा मगरले जानकारी दिनुभयो । कृषि र पर्यटनलाई जोडेर विहादी गाउँपालिकाले रैथाने खाद्यान्नको गन्तव्य बनाउन प्रयास गरिरहेको उहाँको भनाइ छ । स्थानीय बालीसँगै गाउँमै उत्पादित खाद्यान्नका परिकार बनाउने तालिम सञ्चालन गरेर घरबास प्रवर्द्धन गराउन लागिपरेको घरबास सञ्चालकहरूको भनाइ छ ।

# कर्मचारीको पारिश्रमिकबाट अस्पताललाई थाइराइड मेशिन प्रदान

पोखरापत्र संवाददाता
तनहुँ, २९ असार

आँबुखैरेनी गाउँपालिका मातहत कार्यरत कर्मचारीले आँबुखैरेनी अस्पताललाई रु दश लाखभन्दा बढी मूल्यको थाइराइड मेशिन प्रदान गरेका छन् ।

गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थालगायत सबै क्षेत्रमा कार्यरत कर्मचारीले खाईपाई आएको पारिश्रमिकबाट थाइराइड मेशिन खरिद गरी उक्त अस्पताललाई हस्तान्तरण गरेका हुन् । गाउँपालिकामा दरबन्दी र करारका गरी एक सय ३५ जना कार्यरत कर्मचारीको पारिश्रमिकबाट मेशिन खरिद गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । गत जेठ ३१ गते बसेको कर्मचारीको बैठकले कर्मचारीको पारिश्रमिकबाट मेशिन खरिद गरी अस्पताललाई प्रदान गर्ने विषयमा सर्वसम्मत निर्णय भएपछि सहयोग गरेको उहाँले बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत शर्मा लगायतका कर्मचारीले गाउँपालिकाका अध्यक्ष शुक्र चुमान र अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा धनबहादुर क्षेत्रीलाई उक्त मेशिन हस्तान्तरण गर्नुभएको हो । अस्पतालमा थाइराइड परीक्षण गर्ने मेशिन नहुँदा थाइराइडका बिरामी उपचारका लागि अन्यत्र धाउनु परेकाले मेशिन आएपश्चात् सहज हुने विश्वास गाउँपालिकाले गरेको छ । गाउँपालिकाभित्र धेरै थाइराइडका बिरामी रहेकाले उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता रहेपछि कर्मचारीले मिलेर मेशिन खरिद गरी अस्पताललाई दिएपछि उपचारमा सहज भएको छ ।

गाउँपालिकाभित्रका नागरिकले सहज रूपमा घरदैलोमा सेवा पाउने हुँदा सबै कर्मचारीको सकारात्मक सहयोगबाट मेशिन खरिद कार्य सहज हुने उहाँले बताउनुभयो । कार्यालय सहयोगी, सुरक्षा गार्ड, सरसफाइ क्षेत्रमा कार्यरत सहयोगी कर्मचारीलाई यस अभियानमा सहयोग गर्न अनिवार्य नगरिए पनि स्वस्फूर्त आफूले सकेको आर्थिक सहयोग गरेका थिए । उक्त अभियानलाई सफल बनाउन अहोरात्र खटिने कर्मचारीप्रति प्रमुख प्रशासकीय अधिकृत शर्माले धन्यवादसमेत व्यक्त गर्नुभएको छ । उक्त कार्यका लागि गाउँपालिका मातहतका सबै कर्मचारीले तहअनुसारको तलबबाट सहयोग रकम कट्टा गरी अस्पताललाई मेशिन प्रदान गरेर उदाहरणीय कार्य प्रस्तुत गर्नुभएको गाउँपालिकाका अध्यक्ष चुमानले बताउनुभयो । गाउँपालिकामा कार्यरत कर्मचारीले आफ्नै पारिश्रमिकबाट अस्पतालका लागि थाइराइड मेशिन खरिद गरी हस्तान्तरण गरेपछि स्वास्थ्य सेवामा सहज हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो ।